1687085603315.jpg

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

विषय :- मुद्दा फिर्ता लिने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०८०।०२।२९

१. विषयको संक्षिप्त व्यहोरा :

गृह मन्त्रालयको च.नं. ८२६, मिति २०७९।०२।११ को पत्रबाट काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको प्रतिवादी रुपेश साह समेत (७ जना) भएको ज्यान मार्ने उद्योग मुद्दा (मुद्दा नं. ०७७-C१-०४३०) फिर्ता लिनको लागि नेपाल सरकार (माननीय गृहमन्त्रीस्तर) बाट निर्णय भई सिफारिस प्राप्त हुन आएको छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :

मुद्दा फिर्ता लिने विषयको गृह मन्त्रालयबाट लेखी आएको च.नं. ८२६, मिति २०७९।०२।११ को सिफारिस पत्र, महान्यायाधिवक्ताको कार्यालयको च.नं. १७१९, मिति २०७९।०२।०५ को रायको पत्र यसै साथ संलग्न छ ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिस :

नेपाल सरकार वादी भई काठमाडौं जिल्ला अदालतमा दायर भएर विचाराधीन रहेको प्रतिवादी रुपेश साह समेत (७ जना) भएको ज्यान मार्ने उद्योग मुद्दा (मुद्दा नं. ०७७-C१-०४३०) फिर्ता हुन गृह मन्त्रालयबाट निर्णयसाथ सिफारिस भई आएको, प्रचलित कानून र नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी निर्देशिका, २०७७ ले ती मुद्दाहरु फिर्ता लिन रोक नलगाएको, महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा फिर्ता लिन मिल्ने भनी राय प्राप्त भएको तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ को उपदफा (४) बमोजिम मुद्दा फिर्ता लिने सम्बन्धी विषयको प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद्मा निर्णयार्थ पेश गर्न माननीय विभागीय मन्त्रीज्यूबाट मिति २०८०।०२।२९ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची-१ को विषयसङ्ख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरेको छ ।

४. निर्णय हुनु पर्ने व्यहोरा :

(क) काठमाडौं जिल्ला अदालतमा दायर भएको प्रतिवादी रुपेश साह समेत (७ जना) भएको ज्यान मार्ने उद्योग मुद्दा (मुद्दा नं. ०७७-C१-०४३०) संलग्न अनुसूचीको विवरणका आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ को उपदफा (४) बमोजिम फिर्ता लिने ।

(ख) खण्ड (क) बमोजिम मुद्दा फिर्ता गर्दा उपचार खर्च वापतको क्षतिपूर्ति रकम रु. ३,०९,८३२।८१ (अक्षरेपी तीन लाख नौ हजार आठ सय बत्तिस रुपैयाँ र एकासी पैसा) पीडित पक्षलाई उपलब्ध गराउने गरी अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई निकासा दिने।

(धनराज ज्ञवाली)

सचिव

मितिः २०८०।०२।२९

1687085876437.jpg

काठमाडौं जिल्ला अदालत
बबरमहल, काठमाडौं

श्री सचिव,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।

मुद्दा फिर्ता लिने विषयको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको दर्ता नं. ५/५-०८०/२/३० को प्रस्ताव म.प.बै.सं. १४/०८० मिति २०८०/२/३० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु-

नेपाल सरकारको निर्णय –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(शंकरदास वैरागी)
मुख्यसचिव
२०८०/२/३०

j, 4:41 PM

1687085603323.jpg

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..............................शाखा)

प.सं. न्या.प्र. ३९
च.नं. : ६१८

सिंहदरबार, काठमाण्डौं
मितिः २०८०।०३।०१

श्री महान्यायाधिवक्ताको कार्यालय ,
रामशाहपथ, काठमाडौं ।

महान्यायाधिवक्ताको कार्यालय
दर्ता नं.: ८११६८
दर्ता मिति: २०८०-०३-०१
फाँटको दर्ता नं.:

विषयः मुद्दा फिर्ता सम्बन्धी निर्णय कार्यान्वयन सम्बन्धमा।

उपरोक्त सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ को उपदफा (४) बमोजिम देहायको मुद्दा थान १ फिर्ता लिने विषयको प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद् समक्ष निर्णयार्थ पेश गरिएकोमा "प्रस्तावमा लेखिएबमोजिम गर्ने" भनी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०२।३० को बैठकबाट निर्णय भई आएकाले नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी निर्देशिका, २०७७ को दफा १२ बमोजिम उक्त निर्णय कार्यान्वयनका लागि निर्णयको प्रतिलिपि र फिर्ता लिने निर्णय भएको मुद्दाको विवरण यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ।

<u>देहाय</u>

१. काठमाडौं जिल्ला अदालतमा दायर भएको प्रतिवादी रुपेश साह समेत (७ जना) भएको ज्यान मार्ने उद्योग मुद्दा (मुद्दा नं. ०७७-C1-०४३०)।

२०८०।०३।०१
(हिमावती ढकाल)
शाखा अधिकृत

<u>बोधार्थः</u>
श्री गृह मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री अर्थ मन्त्रालय, सिंहदरबार काठमाडौं।

PartId=0.3

4:40 PM 1687085603338.jpg

# महान्यायाधिवक्ताको कार्यालय

(कर्मचारी प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७९/०८०

मिति :- २०८०/०३/०३

चलानी नं. :- ११९५

विषयः मुद्दा फिर्ता सम्वन्धमा।

जिल्ला सरकारी वकील कार्यालय,
काठमाडौं।

काठमाण्डौं जिल्ला अदालतमा दायर भएको वादी नेपाल सरकार प्रतिवादी रुपेश साह समेत भएको ज्यान मार्ने उद्योग मुद्दा फिर्ता लिने गरी नेपाल सरकारवाट भएको निर्णयको प्रतिलिपि संलग्न राखी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं. ७१८ मिति २०८०/०३/०१ को पत्र मार्फत लेखी आएको हुँदा उक्त मुद्दा फिर्ता लिने तर्फ कारवाही अगाडी वढाउनको लागि उक्त निर्णयको प्रतिलिपि समेत संलग्न राखी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध गरिन्छ।

(वावुराम भट्टराई)
सहायक न्यायाधिवक्ता

वोधार्थः
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

# जिल्ला सरकारी वकील कार्यालय
बबरमहल, काठमाडौं

पत्र संख्या :- ०७९।०८०
चलानी नं.:- १३४४

मिति :-२०८०।०३।०३

विषय :-मुद्दा फिर्ताका लागि निबेदन पठाईएको।

२१८६३
३।३

श्री काठमाडौं जिल्ला अदालत
बबरमहल, काठमाडौं।
फाँट नं.५

उपरोक्त सम्बन्धमा प्रेम बहादुर चलाउनेको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रुपेश साह समेत भएको ज्यान मार्ने उद्योग( गु.नं.०७७-cl-०४३०) मुद्दामा नेपाल सरकारबाट फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ११६ को उपदफा (४) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०-०२-३० को बैठकबाट मुद्दा फिर्ता लिने निर्णय गरिएको हुँदा श्री महान्यायाधिवक्ताको कार्यालयको च.नं.१९९५, मिति २०८०-०३-०३ गतेको पत्रानुसार उक्त ज्यान मार्ने उद्योग (मु.नं.०७७-cl-०४३०) मुद्दा फिर्ताका लागि यस कार्यलयमा निर्णयको प्रतिलिपी सहित पठाईएको हुँदा मुद्दा फिर्ता लिने गरी निम्न कागजात सहित मुद्दा फिर्ताको निबेदन यसै पत्रसाथ पठाईएको ब्यहोरा सादर अनुरोध छ।

निम्न

१. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवारको मुद्दा फिर्ता लिनको लागि प्रस्तावसाथ पेश गरिएको विवरणको प्रतिलिपी।
२. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवारको च.नं. ७१८ मिति २०८०।०३।०१ गतेको मुद्दा फिर्ता सम्बन्धी निर्णय कार्यान्वयन सम्बन्धमा पत्रको प्रतिलिपी।
३. महान्यायाधिवक्ताको कार्यालयको च.नं. १९९५ मिति २०८०।०३।०३ गतेको पत्रको प्रतिलिपी।

२०८०।३।३

(मनिषबाबु पोखरेल)
सहायक जिल्ला न्यायाधिवक्ता